श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले नेपाल मुद्रा ऐन, २०१९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको राज्यारोहणको दश वर्ष पुगेको उपलक्ष्यमा निम्न डिजाईन, नाप र तौलको मुद्रा र असर्फीहरू संकलन-कर्ताहरूलाई बिक्री गर्न विदेशी टकसारमा टकमरी गराउने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

असर्फीः–

एकापट्टिः– घेराभित्र चौसट्ठी थोप्ला र माथि "श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव" तल "श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह" नामहरूले घेरेको चक्र, शँख, पद्म, गदाको बीचमा राजकीय पोशाक पहिरिबक्सेको राजा र रानीको युगल चित्र ।

अर्कोपट्टिः– घेराभित्र चौसट्ठी थोप्ला त्यसभित्र माथि "श्री भवानी" तल "राज्यारोहणको "दशौं वार्षिकोत्सव" शब्दहरूले घेरेको दुईतिर फूल र माझमा खड्ग र त्यसमुनि "असर्फी" र "नेपाल २०३८" शब्दहरू दुई पंक्तिमा अङ्कित ।

डाईमिटर :– २८ मी. मी.

तौलः– १५.९८ ग्राम

बनौटः– ९०० शुद्ध सुन

मुद्रणस्तर र अधिकतम छाप्ने

प्रूफ क्वालिटीको ५,००० थान

अनसर्कुलेटेड क्वालिटीको ५,००० थान

रू. २५०।–

एकापट्टि :– घेराभित्र चौसट्ठी थोप्ला माथि "श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव" तल "श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह" नामहरूले घेरेको चक्र, शँख, पद्म, गदाको बीचमा राजकीय पोशाक पहिरिबक्सेको राजा र रानीको युगल-चित्र ।

४६५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अर्कोपट्टि :– घेराभित्र चौसट्ठी थोप्ला र माथि "श्री भवानी" तल "राज्यारोहणको दशौं वार्षिकोत्सव" शब्दहरूले घेरेको "२५०" रूपैयाँ "नेपाल २०३८" शब्दहरू तीन पंक्तिमा

डाईमिटर :– ३८ मी.मी.

तौल :– २८.५ ग्राम

बनौट :– ९२५ स्टलिङ्ग सिलभर

मुद्रणस्तर र अधिकतम छाप्ने

प्रूफ क्वालिटीको १०,००० थान

अनसर्कुलेटेड क्वालिटीको १०,००० थान ।

आज्ञाले,

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको सचिव

८६५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।